## मिति २०८०/०६/२४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट विभिन्न समयदेखि कामकाजमा खटाईएका श्रेणीबिहिन कर्मचारीहरु कुचिकार, माली, चौकिदार, ड्राईभर जस्ता पदमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई स्वीकृत दरबन्दीमा नबढ्ने गरी बढीमा २०८० पौष मसान्त सम्म निरन्तरता दिने गरी अनुमोदन गर्ने र निजहरुको ज्याला जिल्ला दररेटका आधारमा वडा समितिबाट निर्णय गराई सम्बन्धित वडा कार्यालयबाट डोर हाजिर अनुसार नै भुक्तानी दिन स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपालगंज उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत सम्बन्धि कार्यविधि, २०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको ईजाजतको लागी पेश हुन आएका ए.यन.डि. कन्सट्रक्सन ग्रुप प्रा.लि., नेपालगंज, २० बाँके र जय बागेश्वरी निर्माण सेवा नेपालगंज, १९ बाँकेलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपालगञ्ज उप-महानगरपालिकाको साझेदारी विकास कार्यक्रम कार्यविधि, २०७५ (पहिलो संसोधन २०७६/०३/०३) लाई प्रतिस्थापन गर्न बनेको गरिव सँग स्थानीय सरकार संचालन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिका अन्तर्गत रहेका विभिन्न महाशाखा/शाखा र वडा कार्यालयहरुमा कार्यरत सेवा करारमा रहेका गत विगत आ.व. देखि र चालु आ.व. को असोज मसान्तसम्म निरन्तर रुपमा कामकाज गर्दै आईरहेका कर्मचारीहरुको साविकको सेवा सुविधा निरन्तर रहने गरी मिति २०८० पुस मसान्त सम्म सेवा करारको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नेपालगंज उप-महानगरपालिकाको मातहतमा रहेका सार्वजनिक शौचालय सटर सहित/रहित, ४ वटा मोवाईल शौचालय, टेक्टर १ वटा र २ वटा आधुनिक सक्सन टयांकर सेवा शुल्क लिई ठेक्का मार्फत संचालन भैरहेकोमा उक्त सेवा प्रदायकको ठेक्का म्याद मिति २०८०/०६/२५ गते समाप्त हुनेभएकोले उक्त कार्य संचालनका लागि साबिकको ठेक्कामा तोकिएको न्यूनतम कबोल रकम रू. ८,५१,०००/- (अक्षररुपी आठ लाख एकाउन्न हजार मात्र) (भ्याट बाहेक) कायम गरी सोही बमोजिम ३ (तीन) बर्ष समयावधि हुने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।



क्रमशः

**मिति २०८०/०६/२४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :**

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ६**

आ.व. ०७९/८० मा संचालित तपसिल बमोजिमका योजना/कार्यक्रमहरुको विभिन्न कारणले समयमा सम्पन्न नभएकाले तपसिल बमोजिममा उल्लेख भए अनुसारको मिति सम्म म्याद थप गर्ने निर्णय गरियो ।

| क्र. स. | शिर्षकको नाम | योजनाको नाम | वडा नं. | उस/ ठेक्का | उपभोक्ता समितीको नाम / निर्माण ब्यसायीको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्पन्न हुने मिति | म्याद थपको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०-२० कार्यक्रम | घोसिटोलमा उत्तर सबन हलवाईको घर देखि दक्षिण मो ईद्रिस हलवाईको घर सम्म नाला र बाटो निर्माण | ७ | उस | नाला तथा पि सि सि निर्माण उपभोक्ता समिती नेपालगंज-७ बाँके | | २०७९।११।०२ | | २०८०।८।३० |
| २ | मदरसाहरुको भौतिक सुधार कार्यक्रम | वडा नं ४ स्थित गौसिया माध्यामिक विधालय ट्वाईलेट निर्माण कार्य | ४ | उस | गौसियाटोल उपभोक्ता समिती नेपालगंज-४ बाँके | | २०७९।११।२५ | २०८०।३।१५ | २०८०।८।३० |
| ३ | नगर स्तरीय | वडा नं ८ स्थित आधारभुत स्वास्थ्य केन्द्रको माथिल्लो तलामा भवन निर्माण कार्य | ८ | उस | श्री स्वास्थ्य भवन निर्माओ उपभोक्ता समिति, नेपालगंज ८ | | २०७९।१२।२३ | २०८०।२।३० | २०८०।८।३० |
| ४ | क्रमागत योजना | फुल्टेक्रा तलाउ घेरावार निर्माण कार्य | ६ | बोलपत्र | सौरभ कन्सट्रक्सन काँरकादो बाँके | NSMC/NCB/W 010/078-079 | २०७९।०४।२३ | २०८०।२।३० | २०८१।१।३० |



क्रमश :

मिति २०८०/०६/२४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | नगर स्तरीय | विपि चोक स्थित ईदगाहमा प्रवेशद्वार निर्माण कार्यक्रम | १२ | उस | ईदगाह गेट निर्माण उपभोक्ता समिती नेपालगंज-१२, बाँके | | २०७९।१२।०७ | २०८०।३।१५ | २०८१।०२।३० |
| ६ | प्रदेश समपूरक | मनिकापुर सडक निर्माण योजना वडा नं २० | २० | वोलपत्र | शुभ शान्ती निर्माण सेवा नेपालगंज -७ बाँके | NSMC/NCB/W 02/079/080 | २०७९।१०।०४ | २०८०।३।१५ | २०८०।८।३० |
| ७ | प्रदेश समपूरक | काञ्जि हाउसमा भौतिक संरचना निर्माण | २१ | वोलपत्र | श्री हरिकृष्ण निर्माण सेवा एण्ड सप्लायर्स | NSMC/NCB/W 03/079/080 | २०७९।१२।०५ | २०८०।३।१५ | २०८०।८।३० |
| ८ | प्रदेश समपूरक | नाला सरसफाई निर्माण तथा मर्मत सुधार वडा नं १ देखि २३ | | वोलपत्र | Y and V Construction | NSMC/NCB/W 09/079/080 | २०८०।२।२४ | २०८०।३।१५ | २०८०।८।३० |
| ९ | प्रदेश समपूरक | नेपालगंज उपमहानगरपालिकाको विभिन्न स्थानहरुमा समर्सिवल पम्प जडान वडा नं १ देखि १३ | | वोलपत्र | पञ्चकोशी कन्सट्रकसन ज्वाला ट्रर्डस एण्ड सप्लायर्स कोहलपुर बाँके | NSMC/NCB/W 08/079-080 | २०८०।२।१५ | २०८०।३।१५ | २०८०।८।३० |
| १० | संघ समपूरक | वसपार्क देखि सुर्जे गाँउ जाने बाटो र अन्य सडक निर्माण | ४र १९ | वोलपत्र | पार्वति अरविन्द जे भि नेपालगंज-१ बाँके | NSMC/NCB/W 01/079/080 | २०७९।०३।०९ | २०८०।२।३० | २०८०।८।३० |
| ११ | नगर स्तरीय | स्वास्थ्य भवनको पश्चिमतिर उत्तर दक्षिण नाला निर्माण | | उस | श्री पश्चिम उत्तर नाला निर्माण उपभोक्ता समिति | | २०७९।१२।२३ | २०८०।२।३० | २०८०।८।३० |



क्रमशः

## मिति २०८०/०६/२४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ७**

नेपालगंज उप-महानगरपालिका अन्तर्गत रहेको साझेदारी विकास कार्यदलको मिति २०८०/०४/२५ र मिति २०८०/०५/२१ गतेको बैठकका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**मिति २०८०।०५।२१ गतेका निर्णयहरु**

१. साझेदारी विकास कार्यक्रमबाट ऋण लिने व्यक्तिहरु मध्ये देहायका व्यक्तिहरु यस नगर कार्यपालिका कार्यालयमा कार्यरत रहेका वा सम्बन्धितका पति वा पत्नी रहेको अभिलेखबाट देखिएकोले सम्बन्धित व्यक्तिहरुले बुझाउनुपर्ने किस्ता रकम नबुझाउने गरेकोले सम्बन्धित पदाधिकारी वा कर्मचारीहरुले नगर कार्यपालिका कार्यालयबाट प्राप्त गर्ने सेवा, सुविधाबाट कट्टा हुने गरि असुल उपरका लागि आर्थिक प्रशासन शाखामा लेखि पठाउने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | ऋण लिने व्यक्ति | असुल हुन बाँकी रु. | सेवा, सुविधा कट्टी गर्नुपर्ने पदाधिकारी वा कर्मचारी |
|---|---|---|---|---|
| १ | ३ | फरिन फात्मा सिद्धिकी | रु.९४८७७ | अयूव सिद्धिकी, वडा अध्यक्ष |
| २ | ७ | कल्पना नेपाली | रु.१६४३७५ | कल्पना नेपाली, वडा सदस्य |
| ३ | ८ | श्यामकुमार शाहु | रु.२००००० | रितु शाहुमिश्रा, पत्नी वडा नं. ८, सा.परिचालक |
| ४ | १३ | रजनी केवट | रु.५२३८० | रजनी केवट , वडा सदस्य |
| ५ | २१ | अरुण कुमार मिश्र | रु.९४४४५ | अरुण कुमार मिश्र, वडा सदस्य |

२. मिति २०८०।०४।२५ गतेको बैठकबाट गठित कार्यदल लाई दिईएको जिम्मेवारी अनुसार उक्त कार्यदलका संयोजक श्री गोविन्द प्रसाद रेग्मीज्यू द्वारा हालको साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ (संशोधन सहित) लाई प्रतिस्थापन हुने गरि कार्यदलद्धारा सुझाव सहित पेश गरेको प्रस्तावित गरिव संग स्थानीय सरकार कार्यक्रम सञ्चालन कार्यविधी, २०८० माथि व्यापक छलफल गरियो। कार्यदलद्धारा पेश भएको प्रस्तावित विधेयक लाई प्रक्रिया बमोजिम अगाडी बढाउनका लागि श्रीमान् नगर प्रमुखज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो । साथै मस्यौदा समितिबाट भए गरेका निर्णयहरु अनुमोदन सहित उक्त समितिका पदाधिकारीहरुज्यू बाट कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्नु भएकोमा सम्पूर्णमा धन्यवाद प्रकट गरियो ।

**मिति २०८०।०४।२५ गतेको निर्णयः**

१. नेपालगञ्ज उप-महानगरपालिकाको साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ संशोधन सहित बमोजिम लक्षित वर्गहरुलाई आ.व. २०७५।०७६ देखि आर्थिक सशक्तिकरण गर्ने योजनाका साथ सञ्चालनमा आएको ऋण लगानी/लघू कर्जाको समग्र वस्तुस्थिति सहित आ.व. २०७९।०८० सम्मको प्रगति सम्बन्धमा व्यापक छलफल भयो । सो सम्बन्धी कार्यक्रममा भएको प्रगतिको अवस्था देहाय बमोजिम रहेको व्यहोरा सबैलाई जानकारी प्राप्त भयो । साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ बमोजिम आ.व. ०७५।०७६ देखि गत आ.व. ०७९।०८० मसान्त सम्म भएको ऋण लगानी असुली तथा असुली हुन बाँकिको विवरण /



क्रमशः ।

**मिति २०८०/०६/२४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :**

| | | |
|---|---|---|
| १ | हालसम्म लगानी रकम | रु.५१६८२००० |
| २ | असुली सावाँ | रु.२७९९३९१७ |
| ३ | असुली हुन बाँकी सावाँ | रु.२३६८८०८३ |
| ३.१ | असुली हुन बाँकी मध्ये भाखा नाघेको सावाँ | रु.७५७९७५२ |
| ४ | साझेदारी विकास कोषमा मौज्दात रकम | रु.१०९५७०६६ |
| ५ | हालसम्म ऋण लगानी व्यवसायी संख्या | ५०० जना |
| ६ | ऋण चुक्ता गरिसकेकाहरुको संख्या | २२३ जना |
| ७ | ऋणको भाखा ननाघेका किस्ता बुझाउने व्यवसायी संख्या | १२३ जना |
| ८ | ऋणको भाखा नाघेको व्यवसायी संख्या | १५४ जना |
| २०७९।०८० को यथार्थ विवरण | | |
| १ | लगानी रकम | रु.७६००००० |
| २ | ऋण लिनेको संख्या | ५१ जना |
| ३ | असुली सावाँ | रु.७१७१४७० |
| ४ | व्याज | रु.१४०१२८३ |
| ५ | जरीवाना | रु.९६४४३ |
| जम्मा | | रु.८६६९१९६ |

२. आ.व. २०७५।०७६ मा साझेदारी विकास कार्यक्रम अन्तर्गत् संघीय सरकारवाट प्राप्त भएको विशेष अनुदान रकम मध्ये वाट खरिद भएका ७ (सात) वटा नगर वसहरु सञ्चालन भए वापत सो वाट प्राप्त हुने आम्दानि र सोहि कोषबाट निर्माण भएका सटरहरुको आम्दानि सवै साझेदारी विकास कोषमा जम्मा गर्ने र उक्त कोषबाट लक्षित वर्गको आर्थिक विकासमा टेवा पुग्ने व्यवसायिकता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने गरि तत्कालिन कार्यपालिकाको वैठकवाट निर्णय भएकोमा नियमित रुपमा कोषमा जम्मा नभई रहेको सन्दर्भमा वसपार्क र नगर बसको एकीकृत ठेक्का भएकोले ठेक्काको प्रतिशत निर्धारण गरि नगर बसबाट प्राप्त आम्दानिका साथै शटरहरुवाट प्राप्त आम्दानि वापतको रकम साझेदारी विकास कोषमा जम्मा गर्न लगाउने ।

३. साझेदारी विकास कोषवाट लगानी भएको रकम मध्ये १५४ जनाले बुझउनुपर्ने ऋणको भाखा नाघेको सन्दर्भमा हालको अवस्थामा नयाँ लगानी नगर्ने ।

४. नेपालगञ्ज उप-महानगरपालिकाको साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम यस कार्यालयको सामाजिक, गैसस तथा साझेदारी विकास शाखाबाट आ.व. २०७५।०७६ देखि २०७९।०८० को अवधिमा विभिन्न व्यक्ति/फर्म/कम्पनीहरुले आय आर्जन अभिवृद्धिका लागि व्यवसाय सञ्चालन गर्ने उद्धेश्यले कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा समेत नाघी सकेको १५४ जना व्यवसायीहरुको विवरण सहित असुलीका लागि विभिन्न मितिमा सम्वन्धित वडा कार्यालयमा भाखा नाघेका ऋणीहरुको विवरण सहित आवश्यक सहयोगका लागि पत्र पठाईएको साथै सम्बन्धित शाखाबाट समेत बारम्वार टेलिफोन, घरदैलोमा गई लिखित पत्र बुझाउँदा समेत आलटाल गरी वुझाउनुपर्ने कर्जाको सावाँ, व्याज लगायतको रकम बुझाउन नआएको हुँदा आ.व. २०७९।०८० को



क्रमशः

## मिति २०८०/०६/२४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

असार मसान्त सम्म यस कार्यालयलाई बुझाउनुपर्ने सावाँ, व्याज र जरिवाना समेत असुलीका लागि सबैको व्यक्तिगत फाईल तयार गर्न लगाउने र तत्पश्चात असुलीका लागि प्रचलित कानून वमोजिम यथाशिघ्र अदालतमा मुद्धा दायर गर्ने ।

५. साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ (संशोधन सहित) मा समयानुकुल परिमार्जन गर्नुपर्ने देखिएकोले विद्यमान कानूनमा के कस्तो सुधार गर्नुपर्ने हो विस्तृत अध्ययन गरि परिमार्जन सहितको प्रतिवेदन १५ दिन भित्र पेश गर्ने गरि देहाय वमोजिमको कार्यदल गठन गर्ने ।

तपसिल

१. श्री गोविन्द प्रसाद रेग्मी –संयोजक
२. श्री लक्ष्मण बर्मा –सदस्य
३. श्री बीना थापा –सदस्य
४. श्री कृष्ण प्रसाद जोशी –सदस्य-सचिव

**निर्णय नं. ८**

नेपालगंज उप-महानगरपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरु (मन्दिर, मसानघाट, गुठी, जस्ता सम्पूर्ण सार्वजनिक जग्गाहरु) मा निर्माण भएका अवैध संरचनाहरुलाई हटाई उक्त जग्गाहरुको संरक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत १८ नं. वडा कार्यालयको प.सं. २०८०/०८१, च.नं.५७९, मिति २०८०/०५/१९ गतेको पत्रानुसार तिरुपति वालाजी मन्दिर धाम निर्माणका लागी यस उप-महानगरपालिका अन्तर्गत १८ नं. वडा स्थित कारकाँदौ चोक देखि पश्चिम उत्तर, सुर्खेत रोड डिभिजन सडक कार्यालय देखि पश्चिम, विशाल नगर चोक देखि पूर्व उत्तर र श्रमिक आपूर्ति शिक्षालय देखि दक्षिण क्षेत्र बिचमा पर्ने साविक खासकारकाँदौ गाविस वडा नं. ४ख तलाउ परिसरको नेपाल सरकारको ऐलानी जग्गा कित्ता नं. १ भएको क्षेत्रफल ३-५-१२ भएको जग्गा मध्ये हाललाई ०-१६-० को जग्गा सो मन्दिर धाम नेपालगंज उप-महानगरपालिकाको मातहतमा रहने गरी निर्माण तथा संचालनको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत १२ नं. वडा कार्यालयको प.सं. २०८०/०८१, च.नं.२०५, मिति २०८०/०४/२९ गतेको पत्रानुसार यस उप-महानगरपालिका १२ नं. वडाको फुलवारी टोल जाने बाटोको नजिकको नेपाल सरकार ऐलानी जग्गा कित्ता नं. ९४ को जमिन वैद्रिक सनातन हिन्दु भजन मण्डलीलाई नेपालगंज उप-महानगरपालिकाको मातहतमा रहने गरी निर्माण तथा संचालनको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

स्थानीय तहमा कार्यरत कर्मचारीहरुले नेपालगंज उप-महानगरपालिका लगाएत देशै भरि विभिन्न मागहरु राख्दै गरेका विभिन्न कार्यक्रमहरुमा उठान गरेका जायज मागहरुलाई समर्थन गर्ने निर्णय गरियो ।



क्रमशः।

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, लुम्बिनी प्रदेश, नेपाल
२०७३

## मिति २०८०/०६/२४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १२**

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट गत विगत आ.व. देखि वडा कार्यालयको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा कार्यालयबाट नै भुक्तानी हुने व्यवस्था गरि राखिएका शिक्षक शिक्षिकाहरुको चालु आ.व को पारिश्रमिक साविकमा खाईपाई आएको सेवा सुविधा अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

आ.व. २०७९/८० को स्वीकृत नेपालगंज उप-महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुको योजना तथा कार्यक्रमहरु मध्ये आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन नसकेको पूजिगत योजना तथा कार्यक्रमहरुको योजना सम्झौता, प्राविधिक मूल्याङ्कन र भुक्तानी बाँकीको कच्चावारी (म.ले.प.फा.नं. १८) संलग्न गरी योजना तथा कार्यक्रमहरुको भुक्तानी निकासा माग भई आएमा अन्तिम भुक्तानी हुने रकमको २५ (पच्चीस) प्रतिशत रकम सम्बन्धित वडा कार्यालयबाट र ७५ (पचहत्तर) प्रतिशत रकम नेपालगंज उप-महानगरपालिकाबाट व्यभार हुने गरी वडा कार्यालयलाई निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८०/०८१ को तराई मधेश सम्वृद्धि कार्यक्रम अन्तर्गत वडा न.१० मा आदर्श नगर राजेश श्रीवास्तवको घरदेखि हिरा केशीको घर सम्म सडक कालोपत्रे नेपालगंज उपमहानगरपालिका वडा न.१० नामको योजना रहेको उक्त स्थानमा बाटो कुनै ठाउँ सागुरो तथा कुनै ठाउँ खुल्ला भयकोले कालोपत्रे गर्न नमिल्ने अवस्था रहेको हुँदा सो योजनाको नाम आदर्श नगर राजेश श्रीवास्तवको घरदेखि हिरा केशीको घर सम्म सडक पी.सी.सी तथा पानी निकास नेपालगंज उपमहानगरपालिका वडा न.१० भनि परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नेपालगञ्ज उप-महानगरपालिकालाई सडक बत्ती वापतको विद्युत महशुल भुक्तानीका लागी नेपाल बिद्युत प्राधिकरणबाट पत्राचार हुने गरेको शन्दर्भमा नगरपालिका क्षेत्रमा रहेका विद्युत्त पोलहरुको एकिन विवरण पेश गर्नका लागी तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री प्रमोद रिजाल, वडा अध्यक्ष, वडा नं. ०१ | संयोजक |
| २. | श्री भुपेन्द्र वोहरा, ईन्जिनियर | सदस्य |
| ३. | श्री पवन कनौजिया, नगर प्र.स.नि. | सदस्य-सचिव |



क्रमशः

## मिति २०८०/०६/२४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १६**

२०८० असोज महिनामा यस नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र सामाजिक सदभावलाई असर पर्ने गरी उत्पन्न भएको समस्याबाट हुन गएको दुर्घटनाका घाईतेहरुलाई उपचार वापतको खर्च यस कार्यालयबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रमा केवुल तथा ईन्टरनेट तारहरु व्यवस्थापन गर्नका लागि दर्ता तथा नविकरण नभएका सेवा प्रदायकहरुलाई दर्ता तथा नविकरण प्रक्रिया ल्याउन १५ (पन्ध्र) दिने सूचना प्रकाशित गर्ने तत्पश्चात सेवा प्रदायकहरुसँग छलफल गरी व्यवस्थापन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।



CamScanner